# ६ एस्थर र उनको मामा मोर्डेकाइ

*यस अध्यायका मूल अंशहरू:* एस्थर १-१०, १ कोरन्थी ९:१९-२३, यूहन्ना ४:१-२६, प्रेरित १७:२६, मत्ती २२:२१, रोमी १:१८-२०।

*यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:* "यदि यस्तो आपदको परिस्थितिमा तपाईंले केही बोल्नुभएन भने यहूदीहरूको निम्ति अन्तैबाट सहयोग आउन सक्छ। तर तपाईं र तपाईंका परिवार मर्नेछन्। कसलाई थाहा छ र? यस्तो समयको निम्ति तपाईं रानी बन्न पुग्नुभएको हुनसक्छ।" (एस्थर ४:१४ रूपान्तरित)।

पर्सियाको (आधुनिक इरान) साम्राज्यको राजनैतिक मुटुमा अत्यन्त खतरा र जोखिमपूर्ण उच्चस्तिरिय लक्ष्य पूरा गर्न एस्थरलाई प्रयोग गरिएको थियो। उनले पूरा गर्ने लक्ष्यमा विभिन्न कुराहरूको अनुभव गर्नु आवश्यक थियो। अतिमहाशक्ति पर्सियामा उनी टुहुरी थिइन् जो त्यस देशमा उनको धर्म र जातलाई अत्यन्त घृणित मानेका थिए। उनी पर्सियाको सम्राटको रानी पनि बन्न पुगिन्। यो कुनै मगढन्ते कथा थिएन जस्मा झुत्रेझाम्रे केटी रानी बन्न पुगेको हुन्छ। बरू अपरिचित पृष्ठभूमिबाट उनलाई उचालेर विशेष लक्ष्य हासिल गर्न उनलाई तालिम दिइएको थियो। उनी यहूदी हुन् भन्ने तथ्यलाई उनले वर्षौंसम्म लुकाउनुपरेको थियो। अनि पछि आएर उनले आफ्नो ज्यानलाई नै जोखिममा पारेर आफ्नो पृष्टभूमी र आस्थालाई प्रकट गर्न वाध्य भएकी थिइन्।

मामा र संरक्षक भएको मोर्डेकाइको समर्थनमा पर्सियाको दरवारमा आफू को हो भनेर पहिचान दिन बहादुरी देखाएकी थिइन् जहाँ विभिन्न गोप्य षडयन्त्रहरूको जालो बुनेको थियो। उनको काम र साहसले उनका मानिसहरूको ज्यान बचेको थियो। उनको साहसले गर्दा सामाजिक रूपमा बहिस्कृत र तिरस्कृत यहूदीहरूको स्तर यस्तरी बढेको थियो कि उक्त पर्सियाको साम्राज्यमा धेरै आदरणीय जनहरू हुनपुगेका थिए।

परमेश्वरप्रति एस्थरको अटल विश्वासको कारण पर्सियाको साम्राज्यमा सत्य परमेश्वरको बारेमा आत्मज्ञान सर्वत्र फैलिएको थियो भन्नुमा शङ्का गर्ने ठाउँ छैन। एस्थर र मोर्डेकाइको कथा हामीहरूको मिसन सुसमाचारमा स्वःत घट्ने कथा होइन। तर तिनीहरूको कथाले केही यस्तो उल्लेखनीय नीतिहरूलाई प्रकट गर्छन् जसले असजिलो, गाऱ्हो स्थानहरूमा र असहज परिस्थितिमा पनि परमेश्वरको भक्त हौं भनेर गवाही दिन सकिन्छ।

## १. पर्सिया (आधुनिक इरान)मा एस्थर (एस्थर १:१-२०)

एस्थर १:१-२० ध्यान दिएर पढ्नुहोस् र देहायका प्रश्नहरूलाई ख्याल गर्नुहोस्ः त्यस अध्यायमा भएको दृष्यमा के भइरहेको छ? हामीहरूको आधुनिक दृष्टिकोणमा त्यस जमानाको संस्कृति वा संस्कारलाई बुझ्न किन गाऱ्हो हुनसक्छ? यो पनि ख्याल गर्नुहोस् कि सम्पूर्ण बिवरणहरू त्यसमा दिइएको छैन। हेर्नुहोस्ः “१ यहाँ वर्णन गरिएका घटनाहरू अहासूरस राजाको पालामा भएका थिए। उनी त्यही अहासूरस थिए जसले भारतदेखि लिएर कूश देशसम्म* एक सय सत्ताईस प्रान्तहरूमाथि राज्य गर्थे। २ त्यस बेला उनी आफ्नो राजधानी शूशनमा भएको राजसिंहासनबाट राजशासन गर्थे। ३ उनका शासनकालको तेस्रो वर्षमा उनले आफ्ना सबै भारदार र अधिकारीहरूलाई एउटा ठूलो भोज दिए। राजकुमारहरू, फारसी र मादी सेनाका प्रतिष्ठित नायकहरू, र प्रान्त-प्रान्तका मुख्य मानिसहरू उनको सामुन्ने उपस्थित भए। ४ उनले एक सय असी दिनसम्म आफ्ना राज्यका धन-सम्पत्ति र आफ्नो रवाफ र ऐश्वर्य प्रदर्शन गरे। ५ ती दिन खतम भएपछि राजाले आफ्नो राजधानी शूशनका ठूला र साना सबै मानिसहरूलाई ठूलो भोज दिए। त्यो भोज राजाका राजदरबारको बगैंचामा सात दिनसम्म भइरह्यो। ६ त्यहाँ बगैंचामा सूती कपड़ाका सेता र नीला पर्दाहरू झुण्डिएका थिए, जो सेता र बैजनी रङ्का डोरीहरूले सिङ्गमरमरका खम्बाहरूमा भएका चाँदीका गोलचक्रसित बाँधिएका थिए। त्यहाँ बुट्टा बनाइएका राता, सेता, सिङ्गमरमरका र अरू मूल्यवान् पत्थरहरूले छापिएको फर्शमाथि सुन र चाँदीका बस्ने आसनहरू थिए। ७ राजाले एक-अर्काबाट भिन्नाभिन्नै भएका सुनका कचौराहरूमा दाखमद्य दिए। राजाले दिएको दाखमद्य

राजसी उदारताको प्रशस्ततामा थियो। ८ त्यहाँ कसैलाई जबरजस्तसँग पियाउने नियम थिएन। हरेक मानिसका इच्छाको ख्याल राख्नू भनी राजाले आफ्ना भण्डारका मद्य टक्र्याउने सबै सेवकहरूलाई हुकुम गरेका थिए। ९ यसबाहेक रानी वश्तीले पनि राजा अहासूरसकै राजमहलमा स्त्रीहरूलाई एउटा ठूलो भोज दिइन्। १० सातौँ दिनमा जब राजा दाखमद्य पिएर मस्त भएका थिए, तब तिनले आफ्नो घरको व्यवस्था मिलाउने सात जना नपुंसक सेवकहरू, अर्थात् महूमान, बिज्था, हर्बोना, बिग्ता, अबगथा, जेथेर र कर्कासलाई, ११ मानिसहरू र भारदारहरूका सामु रानी वश्तीको सौन्दर्य देखाउनलाई राजसी शिरपेच पहिरेर ल्याउनू भनी हुकुम गरे, किनभने तिनी असाध्य सुन्दरी थिइन्। १२ तर ती नपुंसकद्वारा दिइएको राजाको हुकुम मानेर आउन रानी वश्तीले इन्कार गरिन्। यसले गर्दा राजा अत्यन्त क्रोधित भए। उनी रीसले आगो भए। १३ राजाले यस्तो दुराचरणसम्बन्धी राजसी चलनअनुसार कानून र न्यायमा पोख्त र ज्ञानी सल्लाहकारहरूसँग सल्लाह लिए। १४ तीमध्ये हालको परिस्थिति बुझ्ने फारस र मादीका सात जना भारदार, कर्शेना, शेथार, अद्माथा, तर्शीश, मेरेस, मर्सेना र ममूकान थिए। उनीहरू राजाको नजिकका थिए। उनीहरूलाई राजाको उपस्थितिमा प्रवेश गर्ने विशेष अधिकार थियो। उनीहरूले राज्यमा विशेष स्थान पाएका थिए। १५ राजाले उनीहरूलाई सोधे, "नपुंसकद्वारा दिइएको राजा अहासूरसको हुकुम इन्कार गरेकोमा रानी वश्तीलाई कस्तो व्यवहार गर्नुपर्छ? कानूनले के भन्छ?" १६ तब ममूकानले राजा र भारदारहरूका सामुन्ने यो जवाफ दिए: "रानी वश्तीले केवल राजाको मात्र होइन तर राजा अहासूरसका सारा प्रान्तका सबै भारदारहरू र मानिसहरूको अनादर गर्नुभयो। १७ रानीले गर्नुभएको काम सबै स्त्रीले थाहा पाउनेछन्, र त्यसले गर्दा तिनीहरूले आफ्ना पतिहरूलाई तुच्छ ठान्नेछन्। तिनीहरूले यसो भन्नेछन्, 'राजा अहासूरसले रानी वश्तीलाई आफ्नो सामु ल्याउन हुकुम गर्नुभएको थियो, तर उहाँ आउनुभएन'। १८ रानीका व्यवहारको विषयमा सुन्ने फारस र मादीका ठूला घरानाका स्त्रीहरूले राजाका सबै भारदारहरूसित आजका दिनको कुरा गर्नेछन्, र यसले गर्दा अनादर र अशिष्टताको सीमा रहनेछैन। १९ "यदि हजूरको इच्छा भए 'वश्तीले फेरि कहिल्यै राजा अहासूरसको सामुन्ने देखा पर्न नपाऊन्' भन्ने हजूरबाट

**एउटा राजकीय उर्दी निकालिबक्सिओस् र त्यो फरिसी र मादीहरूको ऐनमा कहिल्यै रद्द नहुने गरी लेखिओस्। अनि राजाले उहाँको सट्टामा उहाँभन्दा अझै योग्यकी स्त्रीलाई रानीको स्थान दिइबक्सिओस्। २० यसरी जब यो राजकीय उर्दी राज्यको चारैतिर सुनिन्छ, तब ठूला र साना दर्जाका सबै स्त्रीहरूले आफ्ना पतिहरूको आदर गर्नेछन्।"**

कुनै पनि उच्च पदस्थ राजनैतिक नेताहरूले राजा अहासुरसले दिएको एक हप्ताव्यापी राजकिए भोज देशका पदाधिकारी र भारदार अर्थात् मन्त्री खलकहरूलाई दिइएको भोज वर्तमान परिप्रेक्ष्यमा अनौठो हुनसक्छ। असिमित रूपमा मद्यपान पिउने चलन त्यसबेला पनि साधारण मानिन्थ्यो। राजा अहासूरसको पालामा मद्यपान गर्ने चलनलाई गौरबको रूपमा लिइन्थ्यो। तर यस राजकिय भोजमा राजाले अत्यधिकमात्रामा रक्सी पिउँदा उनको असंतुलन दिमागले यस्तरी काम गरेको थियो कि आफ्ना सबै पुरुष विशिष्ट पाहुनाहरूको सामु आफ्नी रानीलाई आफ्नो सुन्दरताको प्रदर्शन बाहिर आएर गर्न हुकुम गरे। आफू राजकिय खान्दान भएको हैशियतले र रानी भएको हैशियतले त्यस्तो काम गर्नु ठूलो बेइज्जतमा पर्नु थियो। रानी वस्तीले राजाको हुकुमलाई जसरी जवाफ दिएपनि आफू रानी हुने सम्मानलाई जोखिममा पार्नु थियो। तर आफूले राजाको हुकुम नमानी आफ्नो नारी इज्जत राख्न साहसिलो कदम उनले लिइन्। यसले महिलालाई सही र असल काम गर्ने आत्मनिर्णयको अधिकार छ भन्ने देखाउँछ।

तर हामीहरूको ध्यान एस्थरको क्रियाकलापमा जानु जरुरी छ। एस्थर २ः३मा हामीलाई यो आभास् दिइन्छ कि त्यहाँ भएका महिलाहरू आफू खुशीले आएका थिएनन्। राजाले हुकुम दिन्छन। त्यही हुकुम अनुसार एस्थर आउँछिन्। यदि उनले राजाको हुकुम नमानेको भए के हुन्थ्यो होला?

**१ कोरन्थी ९:१९-२३ पढ्नुहोस्। ती पदहरू पढेर त्यसमा के नीतिहरू छन् जसले गर्दा एस्थरको बारेमा बुझ्न हामीलाई सहयोग गर्छ? हामीहरूलाई पनि कठिन परिस्थितिको सामना गर्नुपर्दा ती पदहरूले हामीलाई हौशला दिन सक्छ? हेर्नुहोस्ः "१९ किनभने म मानिसहरूबाट स्वतन्त्र भए तापनि अझ धेरैलाई जित्न सकूँ भनेर मैले आफैलाई सबैको दास तुल्याएँ। २० यहूदीहरूलाई जितूँ भनेर यहूदीहरूका निम्ति म**

यहूदीजस्तै बनें। व्यवस्थाको अधीनमा रहनेहरूलाई जितूँ भनेर म आफै व्यवस्थाको अधीनमा नभए तापनि व्यवस्थाको अधीनमा भएकाहरूका निम्ति व्यवस्थाकै अधीनमा रहेजस्तै भएँ। २१ व्यवस्थाको बाहिर हुनेहरूलाई जितेर ल्याउन सकूँ भनेर व्यवस्थाको बाहिर हुनेहरूका निम्ति म व्यवस्थाको बाहिर भएझैं बनें। तर परमेश्वरको व्यवस्थाबाट म स्वतन्त्र छैनँ, म ख्रीष्टका व्यवस्थाको अधीनमा छु। २२ दुर्बलहरूलाई जितूँ भनेर दुर्बलहरूका निम्ति म दुर्बल बनें। सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर सबैका निम्ति म सब थोक बनें। २३ सुसमाचारका आशिष्हरूको सहभागी हुन सकूँ भनेर सुसमाचारकै खातिर म यी सब थोक गर्दछु।"

अहिलेसम्म पढेको कथामा विराङ्गाना रानी वस्तीलाई इतिहासको पानामा हराइ दिएको पाइन्छ। उनको निश्चल जीवन बिताउने नीति र त्यही नीतिको आधारमा जीवन बिताउने आत्मनिर्णयले एस्थरको निम्ति ढोका खोलेको थियो। तर कतिपय समयमा आफूले मानेको नीतिमा उभिन खोज्दा सतावत र कष्टको सामना गर्नुपर्ने हुन्छ। सही तथा उच्च आदर्श नीतिमा चल्दा प्रतिकूल नतिजा निस्कन सक्छ भनेर थाहा पाउँदा पाउँदै पनि त्यही नीतिमा अडिग हुनु किन जरुरी छ?

## २. राजाको दरवारमा एस्थर (एस्थर २:१-२०)

एस्थर २:१-२० पढ्नुहोस्। कहिलेकाहीं हामीहरूको राष्ट्रयता र धार्मिक आस्थालाई केही समयको निम्ति रहस्यमय राख्नु किन जरुरी छ भनेर उपरोक्त कथाले हामीलाई देखाउँछ? हेर्नुहोस्ः "१ पछि जब राजा अहासूरसको रीस मऱ्यो तब उनलाई रानी वशती र तिनले गरेको कामको विरुद्धमा निकालेको उर्दीको सम्झना भयो। २ यसैले राजाका निज सेवकहरूले भने, "हजूरको निम्ति सुन्दरी-सुन्दरी कन्ये-केटीहरू खोजीबक्सिओस्। ३ हजूरले आफ्नो राज्यका सबै प्रान्तहरूबाट यी सबै सुन्दरी युवती कन्ये-केटीहरूलाई राजधानी शूशनको महिला-गृहमा ल्याउनलाई उच्च कर्मचारीहरू खटाइबक्सिओस्। तिनीहरूलाई महाराजाका स्त्रीहरूका जिम्मावाल नपुंसक हेगेको जिम्मामा दिइबक्सिओस्। सिङ्गारपटारका वस्तुहरू तिनीहरूलाई दिइऊन्। ४ जुन युवती महाराजाको दृष्टिमा ग्रहणयोग्य हुनेछ, तिनैलाई वशतीको सट्टामा

रानी तुल्याइबक्सिओस्।" यो सल्लाह राजालाई मन पर्‍यो। उनले त्यहीबमोजिम गरे। ५ राजधानी शूशनमा मोर्दकै नाउँका एक यहूदी थिए। उनी याईरका छोरा, शिमीका नाति र कीशका पनाति बेन्यामीनको कुलका थिए, जुन कीशचाहिँ ६ बेबिलोनका राजा नबूकदनेसरले यरूशलेमबाट यहूदाका राजा यहोयाकीनसँग कैदमा लगेकाहरूमध्ये एक थिए। ७ मोर्दकैले आफ्ना काकाकी छोरी हदस्सा, अर्थात् एस्तरलाई धर्मपुत्री बनाएका थिए। एस्तरका माता-पिता थिएनन्। तिनी राम्री र सुन्दरी थिइन्। तिनका माता-पिताको मृत्युपछि मोर्दकैले तिनलाई आफ्नै छोरीजस्तै गरी पालेका थिए। ८ जब राजाको हुकुम र उर्दी प्रसार भयो, र हेगेको जिम्मामा दिनलाई धेरै ठिटीहरू राजधानी शूशनमा ल्याइए, तब एस्तर पनि स्त्रीहरूका जिम्मावाल हेगेको जिम्मामा दिन राजमहलमा लगिइन्। ९ तिनलाई देखेर त्यो नपुंसक खुशी भयो, र एस्तरले त्यसबाट विशेष निगाह पाइन्। त्यसले तिनलाई तुरुन्तै खुशीसित सिङ्गारपटारका सामग्रीहरू र विशेष किसिमका खानेकुराको भाग जुटाइदियो। राजाको महलबाट सात जना चुनिएका सहेलीहरूलाई पनि त्यसले खटाइदियो। स्त्रीहरू बस्ने घरमा तिनलाई र तिनका सहेलीहरूलाई विशेष सुविधा पनि दिइयो। १० एस्तरले आफ्नो घराना र जातिको विषयमा कसैलाई बताएकी थिइनन्, किनभने त्यसो गर्न मोर्दकैले तिनलाई मनाही गरेका थिए। ११ एस्तरलाई के कसो हुँदैछ सो जान्न मोर्दकै दिनहुँ महिला-गृहको आँगनबाट भएर जाने गर्थे। १२ छ महिना मूर्रको तेल दलेर र छ महिना अत्तर र सिङ्गारका वस्तुहरूले सिँगारिदिएर स्त्रीहरूलाई तयारी हुने तोकिएको पूरा समय बाह्र महिना थियो। समय पूरा भएपछि अहासूरस राजाकहाँ जाने हरेक युवतीको पालो आउँथ्यो। १३ कुनै युवती घरबाट राजाको महलमा जाँदा त्यसले मागेको जेसुकै थोक त्यसलाई लान दिइन्थ्यो। १४ बेलुका त्यो महलभित्र जान्थी र बिहान उपपत्नीहरूको जिम्मावाल राजाको नपुंसक शाश्गजको अधीनमा रहन महिला-गृहको अर्को भागमा फर्केर जान्थी। राजाले आफ्नो इच्छा प्रकट गरेर त्यसको नाउँ काढ़ीकन नबोलाउञ्जेल त्यो फेरि राजाकहाँ जान पाउँदिनथी। १५ जब मोर्दकैकी धर्मपुत्री, उनका काका अबीहेलकी छोरी एस्तरको राजाकहाँ जाने पालो आयो, तब तिनले स्त्रीहरूको जिम्मावाल राजाको नपुंसक हेगेले सल्लाह दिएका कुराबाहेक अरू केही

लगिनन्। तिनलाई देख्ने सबैलाई एस्तरले मोहित गराइन्। १६ अहासूरसका राज्यकालको सातौं वर्षको दशौं महिना, अर्थात् तेबेत महिनामा तिनी राजमहलमा राजा अहासूरसकहाँ लगिइन्। १७ राजालाई अरू सबै स्त्रीहरूभन्दा एस्तरलाई नै मन पर्‍यो। अनि राजाले अरू कन्ये-केटीहरूभन्दा तिनलाई निगाह र स्वीकृति देखाए। उनले तिनको शिरमा राजकीय शिरपेच लगाइदिए, र वश्तीको सट्टामा तिनलाई आफ्नी रानी तुल्याए। १८ त्यसपछि राजाले आफ्ना सबै भारदार र अधिकारीहरूलाई एस्तरको सम्मानमा एउटा ठूलो भोज दिए। तिनले प्रान्तप्रान्तहरूमा बिदाको घोषणा गरेर राजाले दिनुपर्ने योगयका उपहारहरू दिए। १९ दोस्रो पल्ट कन्ये-केटीहरू भेला गर्दा मोर्दकै राजाका दरबारको मूल ढोकामा उपस्थित थिए। २० मोर्दकैको आदेशअनुसार एस्तरले आफ्नो घराना र वंशको कुरा गुप्तमा राखेकी थिइन्। मोर्दकैको अधीनमा हुँदा उनले तिनलाई आदेश दिएझैं तिनले गरिन्।"

सामरी स्त्रीसँग येशूको जम्का भेट भएको कथा अत्यन्त सारगर्भित छ। त्यसमा येशूले आफ्नै यहूदी जाती र मानिसहरूलाई प्रकट नगर्नुभएको आफू मसिह हुँ भन्ने सन्देश त्यस विदेशी र यहूदीहरूबाट अछुत मानेका सामरीहरूका महिला त्यो पनि चरित्र हिन ठानेकालाई प्रकट गर्नुभएको थियो। उक्त कथाले मोर्देकैले एस्थरलाई आफू को हो भनेर गोप्यमा राख्नुभन्ने उनलाई दिएको निर्देशनलाई हामीलाई बुझाउन सहयोग गर्छ? हेर्नुहोस् यूहन्ना ४:१-२६ "१ यूहन्नाले भन्दा येशूले धेरै चेलाहरू बनाउँदैहुनुहुन्छ र बप्तिस्मा पनि दिँदैहुनुहुन्छ भन्ने फरिसीहरूले सुने। २ (वास्तवमा येशू आफैले त होइन, तर उहाँका चेलाहरूले बप्तिस्मा दिन्थे।) ३ जब येशूले यो थाहा पाउनुभयो, उहाँ यहूदिया छोड़र फेरि गालीलमा फर्कनुभयो। ४ उहाँलाई सामरिया भएर जानुपर्थ्यो। ५ र उहाँ सामरियाको सुखार भनिने नगरमा आइपुग्नुभयो। यो नगरचाहिँ याकूबले आफ्ना छोरा योसेफलाई दिएका जमिनको नजिकै पर्थ्यो। ६ त्यहाँ याकूबको इनार थियो। येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेउमा बसिरहनुभएको थियो। प्रायः मध्यान्ह भएको थियो। ७ एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई। येशूले त्यसलाई भन्नुभयो, "मलाई पानी पिउन देऊ।" ८ उहाँका चेलाहरू सहरमा खानेकुरा किन्न गएका थिए। ९ तब सामरी स्त्रीले उहाँलाई भनी, "तपाईं यहूदी भएर

म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ?" (यहूदीहरूले
सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्।) १० येशूले त्यसलाई भन्नुभयो,
"तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी
भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी
दिनेथियो।" ११ त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईंसित उघाउने
भाँड़ो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो
पानी ल्याउनुहुन्छ? १२ के तपाईं हाम्रा पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ?
उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैले, उनका सन्तान र
उनका गाईबस्तुले यही इनारको पानी पिए।" १३ येशूले त्यसलाई
भन्नुभयो, "यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, १४ तर जस-जसले
मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई
दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल
बन्नेछ!" १५ त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, मलाई त्यही पानी
दिनुहोस्, र म तिर्खाउनेछैनँ, र यहाँ पानी भर्न आइरहनुपर्दैन" १६ येशूले
त्यसलाई भन्नुभयो, "जाऊ, तिम्रो श्रीमान्लाई बोलाएर ल्याऊ।" १७ त्यस
स्त्रीले भनी, "मेरो श्रीमान् छैन।" येशूले तिनलाई भन्नुभयो, "तिम्रो श्रीमान्
छैन भनी तिमीले ठीकै भन्यौ, १८ किनभने तिम्रा पाँच जना श्रीमान्
भइसकेका छन्, र जो अहिले तिमीसँग छ, त्यो तिम्रो श्रीमान् होइन।
तिमीले यो साँचो भनेकी हौ।" १९ त्यस स्त्रीले उहाँलाई भनी, "हजूर,
तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु। २० हाम्रा पुर्खाहरूले
यस डाँड़ामा आराधना गरे, अनि तपाईंहरू भन्नुहुन्छ, कि आराधना गर्ने
स्थान यरूशलेम हो।"

२१ येशूले त्यसलाई भन्नुभयो, "ए नारी, मलाई विश्वास गर, त्यो
बेला आउँदैछ, जब तिमीहरू न त यस डाँड़ामा, न यरूशलेममा पिताको
आराधना गर्नेछौ। २२ तिमीहरू जे आराधना गर्दछौ सो जान्दैनौ। हामी
जे आराधना गर्दछौं सो जान्दछौं, किनभने मुक्तिचाहिँ यहूदीहरूबाट
आउँछ। २३ तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा
आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि
आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। २४
परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा
आराधना गर्नुपर्छ।" २५ त्यस स्त्रीले उहाँलाई भनी, "म जान्दछु, कि

**मसीह आउनुहुन्छ (जसलाई ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुनेछ।" २६ येशूले तिनलाई भन्नुभयो, "तिमीसँग बोल्ने, म उही हुँ।"**

आफ्नो जात वा राष्ट्रियता र पारिवारिक पृष्ठभूमी नभन्ने भनेर मोर्डेकैले एस्थरलाई कडा निर्देशन दिएका थिए। यो निर्दशेन देखेर कतिपय बाइबलका चिन्तकहरूको मनमा खल्बली भएको पाइन्छ। त्यो गोप्य राख्नु जरुरी थिएन भनेर तिनीहरूले सोच्दछन्। के एस्थरले आफू रहेको बिदेशका मुर्तीपुजक मानिसहरूलाई आफूले आराधना गरेका परमेश्वरको बारेमा गुपचुप राख्नु मनासिव थियो त? वा यहूदी भएर पर्सियन दरवारमा काम गर्दा आफू अधिकारबाट बंचित हुन खोज्नुबाट जोगिन त्यो कदम मोर्डेकैले लिएको हो? यथार्थ सत्य त यही हो। यदि एस्थरले आफ्नो पहिचान दिएर बसेकी भए उनी राजाको दरवारमा भित्रिन सक्दैनथ्यो र आफ्ना जनहरूको सुरक्षाको निम्ति राजासँग बिन्ति गर्न सक्दैनथ्यो किनकि पर्सिया वा आधुनिक इरानमा यहूदी जातिहरू घृणित जाति थिए। तर पछि यहूदीहरूको विरुद्धमा हुने षडयन्त्रको अगावै मोर्दकैले एस्थरलाई आफ्नो पहिचानलाई गोप्यमा राख्न चेतावनी दिएका थिए। मोर्दकैले एस्थरलाई किन त्यस्तो चेतावनी दियो भनेर बाइबलले खुलासा गरेको छैन। तर जसरी हामीले येशूको उदाहरणबाट सिक्दछौं कि हामीमा भएको सबै आत्मज्ञान एकै चोटि प्रत्येक परिस्थितिमा भन्नु जरुरी छैन। होशियार भएर चल्नु जहिले पनि बुद्धिमानी बाटो अपनाउनु हो।

फेरि त्यसबखत येशूले आफ्ना मानिसहरूलाई होइन तर इनारमा पानी लिन आएकी सामरी स्त्रीलाई खुलारूपमा आफू को हो भनेर किन पहिचान दिनुभयो त? "यहूदीहरूसँग बोल्नुहुँदा उहाँ अत्यन्त होशियारी अपनाउनुभएको थियो। आफू को हो भनेर गोप्यमा राख्नु भनेर ख्रीष्टले आफ्ना चेलाहरूलाई कडा निर्देशन दिनुभएको थियो। तर सामरी स्त्रीलाई आफ्नो गोप्यतालाई खुलाउनुभयो। येशूको अनुग्रहको ज्ञान अरूलाई बाँधेर उहाँकहाँ ल्याउन त्यस स्त्री सक्षम् छिन् भनेर येशूले देख्नुभएको थियो।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ.१९०बाट रूपान्तरित।

तपाईंको आस्था र आत्मज्ञानको बारेमा धेरै बोल्नु उचित हुन्न भन्ने तपाईं कुनै परिस्थितिमा महसुस गर्नुभएको छ? त्यसको कारण तपाईंसँग के छ? अहिले पछाडि फर्केर हेर्दा तपाईं के पछुतो गर्नुभएको छ वा अरू कुनै फरक चाल चल्ने थियो कि वा अरू कुनै?

## ३. "यस्तो समयको निम्ति" (एस्थर २:१९-५:८)

एस्थर ३:१-५मा कथाको पर्दा खोल्न थाल्छ। यहूदी मोर्दकैले न त कुनै मूर्ती, कुनै मानव निर्मित देवीदेवताहरू र मानिसको सामु लम्पछार पर्ने आदत नभएकोले त्यसबेलाको मुख्य मन्त्री हामानलाई ढोग्न इन्कार गर्छ। हामान जुनसुकै पद ओगटेपनि उनी केवल मानिसमात्र थियो। सबै मानिसले हामानलाई ढोगेको तर मोर्डेकैले नढोग्दा आफूलाई बेइज्जत गरेको हामानले अनुभव गरे र उनीप्रति बदला लिने भावना जगायो र उनलाई नाश गर्न षडयन्त्र रच्न थाले। आफू यहूदी भनेर खुलमखुल्ला नभनेतापनि आफ्नो आचरणले मोर्डेकैले जीवित र सत्य परमेश्वरको साक्षी ती मूर्तिपूजकहरूको सामु दिइरहेका थिए।

हामानलाई मोर्डेकै यहूदी हो भनेर पछि थाहा पाएको थियो। त्यसकारण सारा पर्सिया राज्यमा भएका यहूदीहरूको आम हत्या गर्न हामानले बहाना निकालेको थियो। सारा मानिसहरू मानव जातका सदस्यहरू हुन् भन्ने तथ्यलाई विभिन्न संस्कार वा संस्कृतिले गर्दा मानिलाई सजिलैसँग अन्धो बनाउन सक्छ भन्ने त्यस कथाले कसरी बुझाउँछ? हेर्नुहोस् प्रेरित १७:२६को साथमा एस्थर ३:१-१५ "उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो" (प्रेरित १७:२६) र "१ त्यसपछि राजा अहासूरसले अगागी हम्मदाताका छोरा हामानको दर्जा बढ़ाइदिएर तिनका सबै सङ्गी-भारदारहरूभन्दा तिनलाई श्रेष्ठ स्थान दिई उच्च पदमा राखे। २ यसैले राजदरबारको ढोकामा हुने अधिकारीहरू सबैले राजाको आज्ञाअनुसार हामानलाई घुँड़ा टेकेर दण्डवत् गर्थे। तर मोर्दकैले चाहिँ तिनलाई यसरी घुँड़ा टेकेर दण्डवत् गर्दैनथे। ३ एक पल्ट राजदरबारका अधिकारीहरूले मोर्दकैलाई भने, "तपाईं किन राजाको आज्ञा उल्लङ्घन गर्नुहुन्छ?" ४ उनीहरूले

उनलाई दिनदिनै त्यही कुरा भन्थे। तर उनले उनीहरूको कुरा सुन्दैनथे। मोर्दकैले इन्कार गरेको कुरा हामानले सहन्छ कि सहँदैन भनी बुझ्नलाई उनीहरूले हामानलाई यो कुरा जनाइदिए। किनभने 'म एक यहूदी हुँ' भनी मोर्दकैले उनीहरूलाई भनिदिएका थिए। ५ मोर्दकैले तिनलाई घुँड़ा टेकी दण्डवत् नगरेको कुरा हामानले थाहा पाएर तिनी रीसले चूर भए। ६ हामानले मोर्दकैका जात-भाइ को रहेछन् भनी थाहा पाएपछि तिनलाई मात्र हात हाल्न मन गरेनन्, अहासूरसको समस्त राज्यका सबै यहूदीहरू, मोर्दकै र उनका सबै जातिलाई नै नाश गर्ने उपाय तिनले खोज्न लागे। ७ अहासूरस राजाको बाह्रौं वर्षको पहिलो महिना, अर्थात् नीसान महिनामा, हामानको सामु दिन र महिना तोक्नका निम्ति उनीहरूले चिट्ठा हाले। त्यस चिट्ठालाई "पूर" भन्थे। चिट्ठा बाह्रौं महिना, अर्थात् अदार महिनामा पऱ्यो। ८ तब हामानले राजा अहासूरसलाई भने, "हजूरको राज्यका समस्त प्रान्तमा धेरै मानिसहरूका बीचमा फैलिएको एउटा जाति छ। तिनीहरू अलग्गै बस्छन्। तिनीहरूका रीतिरिवाजहरू अरू सबै जातिका भन्दा बेग्लै छन्। तिनीहरूले हजूरका ऐनकानून पालन गर्दैनन्। हजूरले तिनीहरूलाई सहानुभूति देखाउनु उचित छैन। ९ यदि महाराजाको इच्छा भए तिनीहरूका विनाशको निम्ति एउटा लिखित आज्ञा निकालिबक्सिओस्। यो काम गर्ने हजूरका कर्मचारीहरूका लागि म राजकोषमा जम्मा गर्न तीन लाख किलो चाँदी दिनेछु।" १० तब राजाले आफ्नो छाप-औंठी आफ्नो औंलाबाट झिकेर यहूदीहरूको शत्रु अगागी हम्मदाताका छोरा हामानलाई दिए। ११ उनले हामानलाई भने, "त्यो चाँदी आफूसँग राख। ती मानिसहरूप्रति तिमीलाई जे इच्छा लाग्छ त्यही गर।" १२ तब पहिलो महिनाको तेरौं दिनमा राजाका सचिवहरू बोलाइए। अनि हामानको आदेशअनुसार राजाका प्रान्तका बड़ाहाकिमहरू, विभिन्न प्रान्तका राज्यपालहरू र विभिन्न जातिका भारदारहरूलाई लिखित रूपमा हुकुम पठाइयो– हरेक प्रान्तमा त्यहाँकै लिपि र हरेक जातिलाई उनीहरूको आफ्नै भाषामा त्यो पठाइयो। राजा अहासूरसको नाउँमा त्यो निकालियो, र राजाकै छाप त्यसमा लगाइएको थियो। १३ यसरी अदार भन्ने बाह्रौं महिनाको तेह्रौं दिनमा समस्त यहूदीहरूलाई, जवान, बूढ़ा, स्त्री, बाल-बालिकाहरू सबैलाई नाश गर्ने, मार्ने र तिनीहरूको नाउँनिशानै मेटिदिने

अनि तिनीहरूका सम्पत्ति लुट्ने हुकुम राज्यका सारा प्रान्तहरूमा राजकीय दूतहरूद्वारा पठाइयो। १४ त्यस दिनको निम्ति तयार हुनू भनी त्यो लिखित आज्ञाको एउटा नकल उर्दीको रूपमा हरेक प्रान्तमा घोषणा गरेर सबै मानिसहरूलाई प्रचार गर्नु थियो। १५ राजाको आज्ञामा ती राजकीय दूतहरू चाँड़ोभन्दा पनि चाँड़ो जान पठाइए। त्यो उर्दी राजधानी शूशनमा पनि प्रसार गरियो। त्यसपछि राजा र हामान पिउन बसे। तर शूशन सहरमा चाहिँ हलचल मच्चियो।" (एस्थर ३:१-१५)।

जब हामानको दुष्ट योजना मोर्डेकैलाई थाहा भयो तब उसले आफ्नो दुःख स्पष्टरूपमा व्यक्त गरे। सन्ताप वा पिडामा पर्दा केवल यहूदीहरूले मात्र व्यक्त गर्ने धार्मिक परम्परालाई एस्थरको पुस्तकमा यसरी उल्लेख गरिएको छ "उनले आफ्नो लुगाहरू च्याते...खरानीहरूमा बसे...आँखाभरी आँसु झारेर ठूलो चित्कार गरेर रोए" (एस्थर ४:१ रूपान्तरित)। फेरि त्यसैबखत पर्सिया साम्राज्यको शाही लालमोहर अर्थात् उर्दीलाई तोड्न राजाको निमन्त्रणाबेगर उनको सम्मुख आफू जान एस्थर कम्मर कसिन्। यहूदीहरूलाई नष्ट गर्ने हामानको योजनालाई ध्वस्त पार्ने उनको योजना थियो। राजालाई एस्थरले आफ्नो कमरामा खान निम्त्याइन्। भाग्यवस राजाले उनलाई आफ्नो सिहाँसनमा आउन दिइन् र उनको निमन्त्रणालाई स्वीकार गरे। अब पर्सियामा प्रवासी जीवन बिताइरहेका यहूदीहरूले सामना गर्नुपरेको विपत्तीको नाटकको नायिका अर्थात् हिरोइनको भूमिका खेल्छिन्। यस नाटकमा एस्थरले आफ्नो बिरता, निस्वार्थता, कुतिलता र साहसको प्रदर्शन गरेकी थिइन् (एस्थर ४:१६, ५:८, ७:६)।

"महारानी एस्थरको सक्रियतामा परमेश्वरले उहाँका जनहरूको उद्धार गर्नुभएको थियो। कुनै पनि शक्तिले ती यहूदीहरूलाई बचाउन नसक्ने अवस्थामा एस्थर र उनका सहयोगी महिलाहरूले उपबास र प्रार्थना गरे जसको फलस्वरुप तिनीहरूको मानिसहरूले नरसंहारबाट मुक्ति पाए।

"पुरानो करारमा उल्लेख गरिएका परमेश्वरको काममा सम्बधित महिलाहरूको बारेमा अध्ययन गर्दा अहिले पनि हामीहरूको काममा आपद परेको बेलामा तिनीहरूबाट पाठ सिक्न सक्दछौं। एस्थरको समयमा जस्तो परमेश्वरको जनहरूलाई त्यस्तो खतरनाक

परिस्थिति नआउला। तर प्रायजसो परमेश्वरलाई हृदयदेखि स्वीकार गर्ने भक्त महिलाहरूले आफू पन्छिएर बस्नुपरेतापनि परमेश्वरको कामको निम्ति उल्लेखनीय भूमिका खेल्न सक्छ"-एलेन जी ह्वाइट, एसडिए बाइबल कमेन्टरी, ठेली ३, पृ. ११४०बाट रूपान्तरित।

एस्थर ४:१४मा मोर्डेकैको अत्यन्त प्रख्यात बचन उल्लेख गरिएको छ "कसलाई थाहा छ र? यस्तो परिस्थितिमा तिमीलाई रानी बनाएको होला!" ती शव्दहरूमा गाभिएका नीतिलाई तपाईंकै जीवनमा उचित समय आउँदा कसरी प्रयोग गर्न सक्नुहुन्छ सोच्नुहोस्।

एस्थर ४ पढ्नुहोस् “१ यी सबै कुरा सुनेर मोर्दकैले आफ्नो लुगा च्याते, अनि भाङ्ग्रा र खरानी लाएर चर्को सोरले विलाप गर्दै सहरका चारैतिर गए। २ उनी राजमहलका मूल ढोकासम्म मात्र गए, किनभने भाङ्ग्रा लाएको कुनै पनि मानिस मूल ढोकाबाट भएर भित्र जान पाउँदैनथ्यो। ३ राजाको आज्ञा र उर्दी पुगेको हरेक प्रान्तमा यहूदीहरूका बीचमा उपवास, रुवाबासी, शोक र विलाप भयो। तिनीहरूमध्ये धेरै जना भाङ्ग्रा लाएर खरानीको ओछ्यानमा बसे। ४ जब एस्तर रानीका चाकर्नी र नपुंसकहरूले आएर तिनलाई यो कुरा बताइदिए, तब तिनी व्याकुल भइन्। भाङ्ग्रा फुकालेर लुगा लगाउन भनी तिनले मोर्दकैको निम्ति लुगा पठाइदिइन्। तर उनले ती ग्रहण गर्न मानेनन्। ५ तब एस्तरले आफ्नो सेवामा खटाइएको राजाको एक नपुंसक हताकलाई बोलाइपठाएर मोर्दकैलाई के दुःख पऱ्यो र किन त्यसो गरेको भनी मोर्दकैसित सोध्न हुकुम गरी पठाइन्।

६ हताक राजमहलको अगाड़ि भएको सहरको खुला चोकमा मोर्दकैकहाँ गए। ७ मोर्दकैले आफूलाई के-कसो भएको छ ती सबै कुरा र हामानले यहूदीहरूलाई नाश गर्नका निम्ति कति पैसा राजकोषमा दिएको छ सो पनि हताकलाई बताइदिए। ८ र मोर्दकैले त्यस विषयमा एस्तरलाई भनिदिन र राजाकहाँ गएर निगाह प्राप्त गरेर आफ्नो जातिको निम्ति बिन्ती चढ़ाउन भनी अनुरोध गरी शूशनमा तिनीहरूको सत्यनाशको लागि निकालिएको राजाज्ञाको एउटा नकल पनि एस्तरलाई देखाउन भनी पठाइदिए। ९ हताकले एस्थरकहाँ गएर मोर्दकैले भनेका कुरा बताइदियो। १० अनि तिनले हताकद्वारा फेरि यो समाचार दिएर पठाइन्, ११ “राजाका सबै अधिकारीहरू र प्रान्तका सारा मानिसहरूलाई यो कुरा

विदितै छ, कि यदि कुनै पुरुष वा स्त्री राजाको हुकुमविना राजाको उपस्थितिमा भित्री दरबारमा पस्छ भने त्यसको निम्ति एउटै मात्र कानून यही छ, कि राजाले आफ्नो सुनको राजदण्ड पसार्नुभएन भने त्यो मारिनेछ। अनि सुनको राजदण्ड पसार्नुभयो भने मात्र त्यो बाँच्नेछ। म आफैलाई पनि राजाकहाँ जाने हुकुम नभएको तीस दिन भइसक्यो।" १२ तर जब एस्तरले भनेको कुरा मोर्दकैलाई सुनाइयो, १३ तब उनले एस्तरकहाँ यही जवाफ भनिपठाए: "यो नसोच, कि तिमी राजमहलमा भएकीले सबै यहूदीहरूमध्ये तिमी मात्रै बाँच्नेछौ। १४ यस्तो बेलामा तिमी चूपै लागी बस्यौ भने यहूदीहरूका निम्ति सहायता र छुटकारा अरूद्वारै आउनेछ। तर तिमी र तिम्रा पिताको घरानाचाहिँ नष्ट हुनेछन्। शायद यस्तै समयको निम्ति नै तिमी यो राजपदमा पुगेकी हौ कि?" १५ तब एस्तरले मोर्दकैकहाँ यस्तो जवाफ पठाइन्: १६ "गएर शूशनमा भेट्टाएका जति सबै यहूदीहरूलाई मेरो निम्ति उपवास बस्न भेला गर्नुहोस्। तीन दिन र तीन रातसम्म न त खानेकुरा खानुहोस् न पानी पिउनुहोस्। म र मेरा चाकर्नीहरू पनि तपाईंहरूजस्तै उपवास बस्नेछौं। त्यसपछि कानूनको विरुद्धै भए पनि म राजाकहाँ जानेछु। यदि मेरो नाश हुन्छ भने पनि होस्।" १७ तब मोर्दकै गइहाले, र एस्तरले हुकुम गरेअनुसार नै गरे।"

## ४. मोर्दकै र हामान (एस्थर ६:१-३)

एस्थर ५-८ अध्यायहरूमा एस्थरले आफ्ना जनहरूलाई बचाउन कसरी सफल भयो? हेर्नुहोस् "१ तेस्रो दिन एस्तरले आफ्नो राजकीय पोशाक पहिरिन्, र राजमहलको भित्री आँगनमा उभिरहिन्। राजाचाहिँ सिंहासनमा बसेर मूल ढोकातिर फर्केका थिए। २ जब राजाले एस्तर रानीलाई आँगनमा उभिरहेकी देखे, तब राजाको निगाह तिनीमाथि भयो, र आफ्नो साथमा लिइराखेको सुनको राजदण्ड उनले तिनीतिर पसारे। तब अगि बढ़ेर एस्तरले राजदण्डको टुप्पालाई छोइन्। ३ राजाले तिनलाई भने, "रानी एस्तर, तिमी के चाहन्छ्यौ? तिमी जेसुकै माग, मेरो आधा राज्यसम्म पनि म तिमीलाई दिनेछु।" ४ एस्थरले भनिन्, "हे महाराजा, हजूरलाई असल लागे हजूरको निम्ति मैले तयार गरेको भोजमा आज हामानको साथमा हजूरको सवारी होस्।" ५ एस्तरको इच्छा पूरा गर्न

राजाले हामानलाई तुरुन्तै बोलाएर ल्याउने हुकुम गरे। तब एस्थरले
तयार गरेको भोजमा राजा र हामान गए। ६ दाखमद्य पिउँदै राजाले
एस्तरलाई फेरि भने, "तिमीले मलाई जेसुकै मागे पनि म तिमीलाई
दिनेछु। तिम्रो माग के हो भन, मेरो आधा राज्यसम्म पनि म तिमीलाई
दिनेछु।" ७ जवाफमा एस्तरले भनिन्, "मेरो बिन्ती र अनुरोध यही छः ८
यदि मैले महाराजाको निगाह पाएकी छु, र यदि मैले मागेको कुरा दिनु र
मैले चढ़ाएको बिन्ती पूरा गर्नु महाराजालाई असल लागे हजूर दुवैका
निम्ति मैले तयार गरेको भोजमा हजूर महाराजा र हामान भोलि पनि
आइबक्सिओस्। भोलि म महाराजालाई आफ्नो कुरा भन्नेछु।" ९ त्यस
दिन हामान रमाउँदै र मनमा खुशी हुँदै गए। तर जब तिनले मोर्दकैलाई
राजाको मूल ढोकामा र तिनको सामु खड़ा भएका र नडराएका देखे, तब
तिनी रीसले चूर भए। १० तर आफैलाई सह्मालेर तिनी घर गए।
त्यसपछि तिनले आफ्ना मित्रहरू र आफ्नी पत्नी जेरेशलाई बोलाइपठाए,
र तिनीहरूलाई आफ्ना धन-सम्पत्ति र धेरै छोराहरू भएको रवाफ, ११ र
राजाले तिनलाई उच्च पद दिएका र अरू भारदारहरू र अधिकारीहरूमा
आफूलाई बढ़ी मान दिएका कुरा बताए। १२ हामानले भने, "त्यति मात्र
होइन, तर रानी एस्तरले तयार गर्नुभएको भोजमा राजासित जान मलाई
मात्र रानीले निम्तो दिनुभयो। अनि राजासित जान भोलि पनि मलाई
निम्तो दिनुभएको छ। १३ तापनि त्यस यहूदी मोर्दकैलाई राजदरबारको
मूल ढोकामा बसिरहेको देख्दा यी सबैले सन्तोषै लाग्दैन।"
१४ तब तिनकी पत्नी जेरेश र तिनका सबै मित्रहरूले तिनलाई भने,
"पच्चीस मिटर अल्गो एउटा फाँसीको काठ खड़ा गर्नुहोस्, र बिहान
मोर्दकैलाई त्यसमा झुण्ड्याउन राजासित बिन्ती गर्नुहोस्। त्यसपछि
खुशीसित राजाकहाँ भोजमा जानुहोस्।" हामानलाई यो कुरो साह्रै असल
लाग्यो, र तिनले त्यो फाँसीको काठ खड़ा गर्न लगाए।" एस्थर ५, "१
त्यस रात राजालाई निद्रै लागेन। उनले आफ्नो राज्यकालका विवरण
भएको इतिहासको पुस्तक ल्याएर पढ़िसुनाउने हुकुम गरे, र त्यो राजालाई
पढ़ेर सुनाइयो। २ त्यसमा दुई जना ढोके, बिग्थाना र तेरेशले राजा
अहासूरसलाई मार्ने षड्यन्त्र गरेका र मोर्दकैले त्यो जाहेर गरिदिएका
विषयमा लेखिएको थियो। ३ तब राजाले भने, "यसको निम्ति मोर्दकैले
कुन सम्मान अथवा पद पाए त?" त्यहाँ उपस्थित भएका राजाका

सेवकहरूले भने, “मोर्दकैको निम्ति त केही गरिएको छैन।” ४ राजाले
सोधे, “त्यहाँ चोकमा को छ?” त्यस बेला हामान भर्खरै आफूले तयार
गरेको फाँसीको काठमा मोर्दकैलाई झुण्ड्याउन भनी राजासित बिन्ती गर्न
महलको बाहिर चोकमा आइपुगेका थिए। ५ राजाका सेवकहरूले जवाफ
दिए, “हामान चोकमा उभिरहेका छन्।” राजाले तिनलाई भित्र ल्याउने
हुकुम गरे। ६ जब हामान भित्र आए, तब राजाले तिनलाई सोधे, “राजा
आफैले सम्मान दिन इच्छा गरेको मानिसलाई के गर्नुपर्छ?” हामानले
मनमनै सोचे, “मबाहेक राजाले अरू कसलाई सम्मान दिन इच्छा
गर्नुभएको होला र?” ७ यसकारण तिनले राजालाई भने, “जुन मानिसलाई
राजाले सम्मान दिने इच्छा गरिबक्सिन्छ, ८ त्यसको निम्ति राजा आफैले
लाउने पोशाक र राजाले सवार गर्ने घोड़ा ल्याईओस्, जसको शिरमा
राजसी चिन्ह लगाइएको छ। ९ त्यो पोशाक र घोड़ा राजाका सबैभन्दा
माननीय पदाधिकारीहरूमा एक जनाको हातमा सुम्पिओस्, अनि राजाले
सम्मान गर्न इच्छा गर्नुभएको त्यस मानिसलाई तिनीहरूले पहिराइदिऊन्,
र त्यही घोड़ामा सवार गराएर सहरका सड़कहरूमा तिनीहरू जाँदा यसो
भन्दै कराऊन्, ‘राजाले सम्मान गर्न इच्छा गर्नुभएको मानिसको निम्ति के
गरिएको छ, सो हेर’।” १० तब राजाले हामानलाई भने, “झट्टै गएर
तिमीले भनेझैं पोशाक र घोड़ा ल्याऊ, र यहूदी मोर्दकैको निम्ति त्यसै
गर। उनी दरबारको मूल ढोकामा रहन्छन्। तिमीले भनेबमोजिम सबै
कुरामध्ये केही नछुटोस्।” ११ यसकारण हामानले त्यो पोशाक
मोर्दकैलाई पहिराइदिए, र घोड़ा लिएर उनलाई चढ़ाई सहरका
सड़कहरूमा यसो भन्दै तिनी कराए, “राजाले सम्मान गर्न खुशी हुनुभएका
मानिसलाई के गरिन्छ, हेर।” १२ त्यसपछि मोर्दकै राजदरबारको मूल
ढोकामा फर्किआए। हामानचाहिँ मुख छोपेर अफसोस गर्दै हतार-हतार
आफ्नो घर गए। १३ तिनले आफ्नी पत्नी जेरेश र आफ्ना सबै
मित्रहरूलाई तिनीमाथि भएका सबै कुरा बताए। तिनका सल्लाहकारहरू
र तिनकी पत्नीले यो भने, “यदि मोर्दकै, जसको सामुन्ने तपाईंको पतन
सुरु भएको छ, ती यहूदी जातिका हुन् भने तपाईं उनको विरुद्धमा केही
पनि गर्न सक्नुहुन्न। तपाईंको निश्चय नै पतन हुनेछ।” १४ हामानसित
तिनीहरू कुरा गरिरहँदा राजाका नपुंसकहरू आइपुगे, र तिनलाई एस्तरले
तयार गरेको भोजमा लगिहाले।" एस्थर ६, “१ तब राजा र हामान

रानी एस्तरसित भोजन गर्न गए। २ त्यस दिन पनि दाखमद्य पिउँदै राजाले फेरि भने, "रानी एस्तर, तिम्रो बिन्ती के हो? मलाई भन। मेरो आधा राज्यसम्म मागे तापनि त्यो पूरा गरिदिनेछु।" ३ तब रानी एस्तरले जवाफ दिइन्, "यदि मैले महाराजाको निगाह प्राप्त गरेकी छु, र हे राजा, यदि महाराजाको मर्जी भए बिन्ती यही छ कि मेरो आफ्नो ज्यान र मेरो जातिको ज्यान जोगाइबक्सिओस्। ४ किनभने म र मेरो जाति नाश गरिन, मारिन र नाउँनिशानै मेटिनलाई बेचिएका छौं। यदि हामी, पुरुष र स्त्री सबैलाई दासत्वमा बेच्ने कुरो मात्र भएको भए त म चूपै लागिरहनेथिएँ। किनभने त्यति मात्र कुराले त महाराजालाई झिजो गर्नु न्यायसङ्गत हुनेथिएन।" ५ राजा अहासूरसले एस्तर रानीलाई भने, "यस्तो काम गर्न आँट गर्ने मानिस कहाँ छ? त्यो को हो?" ६ एस्तरले भनिन्, "त्यो विरोधी र शत्रु यही दुष्ट हामान हो।" तब राजा र रानीको सामुन्ने हामान डरले अवाक् भए। ७ तब राजा रीसले चूर भएर उठे, र मद्य पिउन छोड़ेर महलको बगैंचामा गए। तर हामानचाहिँ राजाले मनमनै तिनलाई सत्यानाश गर्न निश्चय गरिसकेका छन् भनी तिनले बुझे। रानी एस्तरसँग प्राणदानको लागि बिन्ती चढ़ाउन भनी आफू बसेकै ठाउँमा बसिरहे। ८ राजा बगैंचाबाट भोज गर्ने कोठामा फर्केर आएकै बेला हामानचाहिँ एस्तर ढल्किरहेको पलङ्गको छेउमा पसारो परिरहेका थिए। तब राजाले आश्‍चर्यचकित भएर कराए, "के रानी यहाँ मसँग हुँदा पनि यसले बलात्कार गर्न चाहन्छ?" राजाको मुखबाट यो कुरो निस्कने बित्तिकै तिनीहरूले हामानको मुख छोपे। ९ तब राजाको सामु हाजिर रहने नपुंसकहरूमध्येको एक जना हर्बोनाले भन्यो, "महाराजाको प्राण जोगाइदिने मोर्दकैलाई झुण्ड्याउन भनी हामानले आफ्नै घरमा पच्चीस मिटर अल्गो फाँसीको काठ बनाएको छ।" राजाले भने, "त्यसैमा हामानलाई झुण्ड्या!" १० तब मोर्दकैको निम्ति आफैले तयार गरेको फाँसीको काठमा तिनीहरूले हामानलाई लगेर झुण्ड्याए। त्यसपछि राजाको रीस शान्त भयो।" एस्थर ७, "१ त्यसै दिन राजा अहासूरसले यहूदीहरूको शत्रु हामानका घर र जग्गाजमिन एस्तरलाई दिए। अनि एस्तरले मोर्दकै तिनको आफ्नै पर्छ भनेकी हुनाले मोर्दकै राजाको उपस्थितिमा हाजिर भए। २ तब राजाले हामानबाट लिएको छापऔंठी फुकालेर मोर्दकैलाई उपहारस्वरूप दिए। एस्तरले मोर्दकैलाई हामानको

घर र जग्गा जमिनको जिम्मा दिइन्। ३ फेरि एस्तरले रुँदै राजाको पाउमा परेर अगागी हामानले यहूदीहरूका विरुद्धमा गरेको दुष्ट योजना टारिदिन भनी बिन्ती चढ़ाइन्। ४ राजाले एस्तरतिर सुनको राजदण्ड पसारे। तिनी उठिन् र राजाको सामु खड़ा भएर उभिन्।

५ एस्तरले भनिन्, "महाराजाको इच्छा भए, र यदि मैले हजूरको निगाह पाएकी छु भने, मैले दिन लागेको प्रस्ताव महाराजाले उचित सम्झिबक्सिए र मैले हजूरको स्वीकृति पाउन सके अगागी हम्मदाताको छोरा हामानले राजाका सबै प्रान्तहरूका यहूदीहरूलाई नाश गर्न योजना बनाएर लेखेका पत्रहरूलाई रद्द गर्न एउटा लिखित राजाज्ञा पठाइबक्सिओस्। ६ किनभने मेरा जात-भाइहरूमाथि परेको विपत्ति म कसरी सहन सकुँला? अथवा मेरो परिवारको विनाश म कसरी सहन सकुँला?" ७ राजा अहासूरसले रानी एस्तर र यहूदी मोर्दकैलाई भने, "त्यसले यहूदीहरूलाई नाश गर्ने प्रयत्न गरेको हुनाले मैले हामानको सम्पत्ति एस्तरलाई दिएको छु, र त्योचाहिँ फाँसीको काठमा झुण्ड्याइयो। ८ अब यहूदीहरूका पक्षमा तिमीहरूलाई उचित लाग्ने एउटा अर्को राजउर्दी मेरो नाउँमा निकाल। त्यसमा राजकीय मोहोर लगाऊ, किनभने राजाको नाउँमा लेखिएको राजकीय मोहोर लगाइएको लिखित पत्र रद्द गर्न सकिँदैन।" ९ त्यसपछि तेस्रो महिना, अर्थात् सीवान महिनाको तेईसौँ दिनमा राजाका सचिवहरू बोलाइए। मोर्दकैले यहूदीहरूलाई दिएको हुकुमबमोजिम भारतदेखि कूश देशसम्मका एक सय सत्ताईस प्रान्तका बड़ाहाकिमहरू, राज्यपालहरू र भारदारहरूका निम्ति हरेक प्रान्तलाई आ-आफ्नो लिपिअनुसार र हरेक जातिलाई आफ्नै भाषामा, र यहूदीहरूलाई पनि आफ्नै लिपि र भाषामा एउटा लिखित राजाज्ञा निकालियो। १० मोर्दकैले त्यो उर्दी राजा अहासूरसको नाउँमा लेखेर त्यसमा राजकीय मोहोर लगाए। त्यो उर्दी राजकीय अस्तबलका घोड़ाहरूमा सवार भएर समाचारवाहकहरूद्वारा पठाइयो। ११ यस राजउर्दीमा राजाले हरेक सहरमा यहूदीहरूलाई सङ्गठित भएर आफ्नो रक्षा गर्न, र तिनीहरूलाई आक्रमण गर्ने कुनै पनि जाति वा प्रान्तका सशस्त्र सेनाहरू जसले तिनीहरूका स्त्रीहरू र बालकहरूसमेत आक्रमण गर्छन्, १२ उनीहरूलाई एकै दिनमा, अर्थात् बाह्रौँ महिनाको वा अदार महिनाको तेरौँ दिनमा नाश गर्न, मार्न र नाउँनिशानै मेटिदिन, अनि अहासूरस राजाका सबै प्रान्तभरि नै उनीहरूका

**अधिकारको जग्गाजमिन लुट्न भनी मन्जूरी भयो। १३ यस आज्ञापत्रको एउटा नकल हरेक प्रान्तमा उर्दीको रूपमा निकालिने र सारा मानिसहरूका बीचमा प्रचार गरिने भयो। यहूदीहरूचाहिँ त्यस दिनमा आफ्ना शत्रुहरूमाथि साटो लिनका निम्ति तयार रहून् भन्ने यो आज्ञापत्र निकालिएको थियो। १४ यसैले ती समाचारवाहकहरू राजकीय घोड़ाहरूमा सवार भएर राजाको जरूरी उर्दी चाँड़ै लैजान पठाइए। यो उर्दी राजधानी शूशनमा पनि निकालियो। १५ तब मोर्दकै नीलो र सेतो राजकीय पोशाक र ठूलो सुनको मुकुट पहिरेर, मलमलको बैजनी वस्त्र लगाएर राजाको उपस्थितिबाट निस्के। अनि समस्त शूशन सहरले खुशी र आनन्द मनायो। १६ यहूदीहरूका निम्ति चाहिँ त्यो दिन आनन्द र खुशी, प्रसन्नता र इज्जतको दिन भयो। १७ उर्दी पुगेको, राजाको हरेक प्रान्त र हरेक सहरमा यहूदीहरूका निम्ति आनन्द र हर्ष, भोज र उत्सवको दिन भयो। अनि अरू जातिका धेरै मानिसहरू यहूदी भए, किनभने यहूदीहरूको डर तिनीहरूमाथि परेको थियो।" एस्थर ८।**

एस्थरको कथाको अत्यन्त निर्णायक निश्कर्षमा पुऱ्याउन एस्थरले राजालाई दुई व्यक्तिगत भोजमा सरिक हुन बिन्ति गर्छिन्। अनि सारा यहूदीहरूलाई नष्ट गर्के हामानको दुष्ट षडयन्त्रबाट एस्थरको चातुर्यताबाट तिनीहरूले उद्धार पाए। त्यस कथामा सही सम्मान र आफ्नो मात्र भाऊ खोज्ने सम्मानको बिचमा के भिन्नता छ भनेर देखाएको पनि हामी हेर्नसक्छौं। खलनायक हामान आफूले खनेको खाल्डोमा आफै परेको थियो। यहूदीहरूको सुरक्षाको निम्ति राजकिय योजना सोचेको भन्दा अत्यन्त प्रभावकारी थियो। चक्रवर्ती राजा र उनका भारदारहरूले त्यस उद्धारकार्यको निम्ति कस्तो योजना बनाएका थिए भनेर पनि हामीलाई बुझाउँछ। आफ्नो जात तथा संस्कृतिको ज्ञान, आफ्ना जनहरूलाई उद्धार गर्ने परमेश्वरको करारको कबूललाई यथार्थमा ल्याउन र यहूदीहरूले पाउने स्वतन्त्रताको निम्ति एस्थर र मोर्दकैले आफ्ना पदलाई प्रयोग गरेका थिए।

राजाको सेवामा बफादारी भएर चुपचाप लागेका मोर्देकैले आफ्नो पहिचान वा आस्थालाई सार्वजनिक गर्न उनी पछाडि परेका थिएनन्। उनले आफ्नो ज्यान जोखिममा परेतापनि हामानलाई ढोग्न इन्कार गरेका थिए। मानिसहरूले उनको त्यो चाललाई देखेका थिए र

त्यसको नतिजा के हुनेछ भनेर मानिसहरूले उनलाई चेतावनी दिएका थिए। तर आफ्नो आस्थालाई बिटुलो पार्न कुनै पनि सम्झौता नगर्ने आफ्नो प्रण व्यक्त गरेका थिए (एस्थर ३:३-५)। जुन आस्थामा उनी अटल भएर खडा भए अरूको निम्ति उनी साक्षी भएका थिए।

एस्थर ६:१-३मा **मोर्दकैको चरित्रको बारेमा बताउँछ। बिदेशमा पनि परमेश्वरका जनहरूले उहाँको निम्ति गवाही बन्न सक्छन् भनेर ती पदहरूले देखाउँछन्। फेरी हेर्नुहोस् " १ त्यस रात राजालाई निद्रै लागेन। उनले आफ्नो राज्यकालका विवरण भएको इतिहासको पुस्तक ल्याएर पढ़िसुनाउने हुकुम गरे, र त्यो राजालाई पढ़ेर सुनाइयो। २ त्यसमा दुई जना ढोके, बिग्थाना र तेरेशले राजा अहासूरसलाई मार्ने षड्यन्त्र गरेका र मोर्दकैले त्यो जाहेर गरिदिएका विषयमा लेखिएको थियो। ३ तब राजाले भने, "यसको निम्ति मोर्दकैले कुन सम्मान अथवा पद पाए त?" त्यहाँ उपस्थित भएका राजाका सेवकहरूले भने, "मोर्दकैको निम्ति त केही गरिएको छैन।"** एस्थर ६:१-४।

मोर्दकैले परमेश्वरप्रति बफादार भएका थिए भनेर स्पष्ट छ। यद्यपि, आफू रहेको देशको राजाप्रति पनि बफादारी थिए। जतिसुकै उच्च पद ओगटेको मानिसको सामु आफू नझुकेतापनि उनी त्यस देशको असल नागरिक नै थिए। त्यतिमात्र हुने राजाको विरुद्धमा गरिएको षडयन्त्र पनि उनले खुलाएका थिए। उनले गर्दा राजा बचेको तर उनले कुनै पनि सम्मान नपाएकोमा धेरै अचम्मित हुनुपरेको छैन। केही हदमा उनले सम्मान त पाए होला तर उनी आफ्नो भाऊ खोज्न र इनाम पाउने मनस्थिति नबोकेको हुनाले आफू निम्न कोटी भएर बस्न नै रुचाएका थिए। तर आफ्नो समयमा मोर्दकैको असल कामको इनाम सोचेको भन्दा बढि उनलाई मिलेको थियो। उनको अनुकरणीय चरित्रलाई शायद येशूले यसरी सम्बोधन गर्नुभएकोबाट प्रकट हुनसक्छ "जुन सिजर सम्राट्को छ, उनैलाई देऊ। र परमेश्वरलाई दिने कुरो परमेश्वरलाई नै देऊ।" (मत्ती २२:२१ रूपान्तरित)। अनि बाइबलका प्रतिज्ञाहरूलाई आत्मसात् गर्नुपर्छ "उहाँलाई सम्मान गर्नेलाई सर्वत्र नजर भएका परमेश्वरले सम्मान गर्नुहुन्छ " (१ समूएल २:३०)।

## ५. जब केही अन्य जाति अर्थात् गैर-यहूदीहरू यहूदी भए (एस्थर ८:१७)

**माथी उल्लेख गरेको एस्थर ८ फेरि पढ्नुहोस्। विशेष गरेर पद १७मा ध्यान दिनुहोस्। त्यसमा सुसमाचारको निम्ति गवाही दिने र प्रचारप्रसार गर्ने तरिकालाई हाम्रो निम्ति कसरी सम्बोधन गरिएको छ? हेर्नुहोस् पद १७ "उर्दी पुगेको, राजाको हरेक प्रान्त र हरेक सहरमा यहूदीहरूका निम्ति आनन्द र हर्ष, भोज र उत्सवको दिन भयो। अनि अरू जातिका धेरै मानिसहरू यहूदी भए, किनभने यहूदीहरूको डर तिनीहरूमाथि परेको थियो।"**

यथार्थमा एस्थरको पुस्तकमा लेखिएको कथाको अनुसरण गरेर परमेश्वरको निम्ति गवाही दिनु र प्रचारप्रसार गर्नु मनासिब नदेखिन सक्छ किनकी यो कथा आफै असाधारण छ। यहूदीहरूको सुरक्षाको निम्ति राजाले दिएका उर्दीले गर्दा अरू राष्ट्रका मानिसहरू यहूदी भए किनकि तिनीहरू यहूदीहरूदेखि त्रसित भएका थिए। बाइबलका कतिपय चिन्तकहरूले यो भन्दछन् कि ती अन्य जातिहरू सत्यरूपमा यहूदी नभएको हुनसक्छ किनभने नयाँ विश्वास अर्थात् आस्थामा त्रास र चिन्ता हुनुहुँदैन। तर कालान्तरमा पवित्र आत्माको अगुवाइले कतिपय ती मानिसहरू भित्रीदेखि यहूदी भएन होला जब तिनीहरूले आफ्नो धर्म र सत्य सृष्टिकर्ता सनातन परमेश्वरको बीचमा भिन्नता भेट्टाएपछि?

**एस्थरको कथाको सन्दर्भमा ती नव यहूदीहरू रोमी १:१८-२०ले देखाएको अनुसार सचमुचरूपमा आत्म वा आस्था परिवर्तन भएन होला र? हेर्नुहोस्: " परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्। १९ परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ। २० उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन।"**

राजाले पहिलो दिएको घोषणापत्रमा सारा यहूदीहरूलाई सखाप पार्न उल्लेख गरिएको थियो। त्यतिमात्र नभएर मारिने यहूदीहरूको

सर्वस्व हरण गर्न पनि ती मार्नेहरूलाई इजाजत दिएको थियो (एस्थर ३:१३)। पछि आएर राजाको दोस्रो घोषणापत्रमा यहूदीहरूलाई मार्ने शत्रुहरूको सर्वस्व हरण गर्न तिनीहरूलाई उर्दी दिएको थियो (एस्थर ८:११)। तर यहूदीहरूले शत्रुहरूको कुनै पनि सामान लिएन भनेर तिन पल्ट एस्थरको पुस्तकमा उल्लेख गरिएको छ (एस्थर ९:१०,१५,१६)। यहूदीहरूले आफूहरूलाई मार्न आउनेको सम्पत्ति लिएन भनेर तिन पल्ट भनेको अर्थ तिनीहरू लोभ र लालचमा फसेर आफ्नो जिउ जोगाएका थिएनन् भनेर पुष्टि गर्दछ।

**जब प्रभुको निम्ति प्रचारप्रसार गर्छौं र साक्षी बनेर देखाउँछौं हामीहरूमाथि पनि ती सुन्नेहरूले कुनै पनि कुनियतको संङ्का नदेखोस् भनेर हामी कसरी निश्चित हुने? अरूलाई सुसमाचार सुनाउँदा हामीहरूको चासो किन बाझिनुहुन्न (कन्फ्लिक्ट अभ इन्टरेस्ट)?**

## उपसंहार:

"परमेश्वरका अवशेष वा उहाँप्रति निष्ठावान भएर बस्ने विश्वासीहरूको बिरुद्धमा लगाइने मृत्युदण्डको सजायँ यहूदीहरूको बिरुद्धमा जारी गरेको राजा अहसूरसको घोषणा जस्तै हुनेछ। आज सत्य चर्चका शत्रु वा प्रतिद्वन्धीहरूले सब्बथको गरिमालाई शिरोपर गर्ने सानो झुण्डलाई “ढोकामा बसेको मोर्दकै"लाई हेरेको जस्तै गरेर हेर्दछन्। परमेश्वरका जनहरूले जसले परमेश्वरका आज्ञाहरूप्रति श्रद्धा व्यक्त गर्दछन् तिनीहरू ती मानिसहरूको निम्ति तगारो भएर बसिरहेका हुन्छन् जसले परमेश्वरको भय र सब्बथको गरिमालाई फ्याँकि दिएका हुन्छन्।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. ६०५बाट रूपान्तरित।

## चिन्तनमनन:

अ. यहूदीहरूको खिलाफमा राजाले दिएको उर्दी र संसारको अन्तिममा "पशुको छाप" (आइतवारलाई पवित्र दिन मान्न कर गर्ने प्रयास) निधारमा लगाउन उर्दी दिनेको बीचमा के समानान्तर छ?

आ. दुवै यहूदी र इसाई विद्धानहरूले एस्थरको पुस्तक बाइबलमा नहुनुपर्ने हो भनेर तर्क गरेका छन्। मृत सागरको गुफामा भेट्टाएका मुठाहरूमा लेख लेख्ने समुदायले प्रयोग गरेको पुरानो करारमा त्यो कथा थिएन न त पौराणिक टर्की र सिरियामा प्रचलित पुरानो करारका चर्चहरूमा त्यो पुस्तक समावेश भएको थियो। राजा अहसूरको नाम एक सय नब्बेपल्ट उल्लेख गरिएको छ भने परमेश्वरको नाउँ वा परमेश्वर भन्ने शब्द एक पल्ट पनि देखिएको छैन। त्यहाँ कुनै प्रार्थना, बलिप्रथाको बिधि, मन्दिर वा आराधनाको बारेमा उल्लेख गरिएको छैन तर प्रार्थना र उपवासको बारेमा भने उल्लेख गरिएको छ। अन्तमा करारमा सिकाएका क्षमा र दयाको बारेमा पनि केही उल्लेख गरिएको छैन। यद्यपि, त्यस पुस्तक पवित्र धर्मशास्त्र भनेर मानिसएको सूचीमा त्यो पुस्तक राखिनु परमेश्वरले उचित देख्नुभयो। किन होला त?

इ. अत्यन्त असहज र कठिन परिस्थितिमा पनि हामीहरूकै हितको निम्ति परमेश्वरले रहस्यमय तरिकाले काम गर्नुहुन्छ भन्ने प्रभावकारी आत्मज्ञान त्यस पुस्तकले कसरी दिन्छ?

ई. कतिपय मानिसहरू खुलमखुल्लारूपमा प्रचारप्रसार नगरेतापनि परिस्थितिलाई ध्यानमा राखेर चुपचाप प्रभुको निम्ति काम गर्नु परेका हुन्छन्। परमेश्वरको नाउँमा काम गर्दा त्यो तरिका अपनाउनुपर्ने के असल कारणहरू छन्, सोच्नुहोस्। इसाई आस्थाप्रति विद्रोही भावनाले प्रेरित हुने देशमा सुसमाचार प्रचारक वा मिसिनेरीहरू कतिपस समयमा येशूको बारेमा भन्न मुख नखोली बस्न वाध्य भएका हुन्छन्। हामी को हौं भनेर खुलेर नभनेपनि हामीहरूको इमान्दारीताले हामीहरू को हौं भनेर हामीहरूले कसरी बताउन सक्छौं?